नेपाल सरकार
# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाडौं

फोन ४२००५०५, ४२००२९९, ४२००३०६
फ्याक्स नं.: ४२००३२२

(मानव संसाधन योजना शाखा)

पत्र संख्या: २०८२/८३
चलानी नं.: २२२

मिति : २०८२/०८/१०

विषय : जानकारी सम्बन्धमा ।

श्री सङ्घीय मन्त्रालयहरु (सबै)

विश्वविद्यालय अनुदान आयोगको प.सं. ०८२/०८३ च.नं. ४९९ मिति २०८२/०७/१८ को पत्रबाट सार्वजनिक क्षेत्रका कर्मचारीहरुको लागि विद्यावारिधि वृति र अनुसन्धान सहयोग उपलब्ध गराउने व्यवस्था गरेको जानकारी प्राप्त हुन आएको हुदाँ उक्त पत्र आवश्यक जानकारी तथा कार्यार्थ यसैसाथ संलग्न गरी पठाइएको व्यहोरा आदेशानुसार अनुरोध छ ।

२०८२/०८/१०
(सुमन खड्का)
शाखा अधिकृत

**वोधार्थ:**

श्री विश्वविद्यालय अनुदान आयोग

श्री सूचना प्रविधि शाखा, Website मा Upload गरिदिनुहुन।

# विश्वविद्यालय अनुदान आयोग

पत्र संख्याः ०८२/०८३
च. नं.: ४६६

मितिः२०८२/०७/१८

श्री
सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाडौं, नेपाल

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
दर्ता नं.:- ९४६१
दर्ता मितिः- ८/२६

**विषयः सार्वजनिक क्षेत्रका कर्मचारीहरूको लागि विद्यावारिधि वृत्ति र अनुसन्धान सहयोग बारे जानकारी सम्बन्धमा ।**

महोदय,

सार्वजनिक सेवामा कार्यरत कर्मचारीहरूको क्षमता अभिवृद्धि गर्ने, अनुसन्धान गतिविधि प्रवर्द्धन गर्ने र उच्च शिक्षाको विकासमा थप योगदान पुऱ्याउने उद्देश्यले विश्वविद्यालय अनुदान आयोगले सार्वजनिक क्षेत्रका कर्मचारीहरूका लागि विद्यावारिधि वृत्ति र अनुसन्धान सहयोग उपलब्ध गराउने व्यवस्था गरेको जानकारी गराउदछौं।

सार्वजनिक क्षेत्रमा कार्यरत कर्मचारीहरूलाई यस अवसरको जानकारी गराउन आवश्यक समन्वय गरीदिनु हुन अनुरोध गर्दछौं।

उक्त कार्यक्रम सम्बन्धमा प्रकाशित सार्वजनिक सूचना यसै पत्र साथ संलग्न गरिएको छ।

डा. निरज धिताल
(निर्देशक)
अनुसन्धान तथा छात्रवृत्ति महाशाखा

बोधार्थः

१. श्री शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, सिंहदरबार, काठमाडौं, नेपाल
२. श्री अर्थ मन्त्रालय, सिंहदरबार, काठमाडौं, नेपाल

# विश्वविद्यालय अनुदान आयोग

सानोठिमी, भक्तपुर

## प्रस्ताव आह्वानसम्बन्धी सूचना

पहिलो पटक प्रकाशित मितिः २०८२/०६/३१ गते।

विश्वविद्यालय अनुदान आयोगले उच्च शिक्षाको विकास र विस्तार, अनुसन्धान, उच्च शैक्षिक संस्थामा कार्यरत शैक्षिक तथा प्रशासनिक जनशक्तिको क्षमता अभिवृद्धिका लागि तालिम र विद्यार्थी छात्रवृत्तिलगायतका कार्यक्रमहरू सञ्चालन गर्दैआएकोमा चालु आ.व. २०८२।८३ को वार्षिक कार्यक्रम तथा बजेटअनुसार सञ्चालन गरिने कार्यक्रमहरूमध्ये अनुसन्धान सहायता र गुणस्तर सुधार कार्यक्रमअन्तर्गतका निम्न कार्यक्रमहरुका लागि न्यूनतम मापदण्ड पूरा भएका उच्च शैक्षिक संस्था/सरोकारवालाहरूबाट मिति २०८२।०८।१४ भित्र प्रस्ताव/आवेदन पेस गर्न यो सूचना प्रकाशित गरिएको छ। बिस्तृत जानकारी आवश्यक योग्यता र प्रस्ताव/आवेदनको ढाँचा आयोगको वेबसाइट www.ugcnepal.edu.np मा राखिएको विश्वविद्यालय अनुदान आयोग कार्यक्रम कार्यविधि २०८२ बाट लिन सकिनेछ। म्याद नाघी प्राप्त हुने र रीत नपुगेका प्रस्तावउपर कुनै कारबाही गरिने छैन। झुटो विवरण पेस गरेमा प्रस्ताव/आवेदन रद्द गरी भविष्यमा आयोगबाट प्रदान गरिने अनुदानबाट बञ्चित गरिनेछ।

| अनुसन्धान सहायता कार्यक्रमहरू | |
|---|---|
| क | विद्वतवृत्ति<br>• विद्यावारिधि वृत्ति तथा अनुसन्धान सहयोग (विद्यावारिधि तहमा अध्ययनरत विद्यार्थी - योङ्ग, उच्च शैक्षिक संस्थामा कार्यरत शिक्षक र सार्वजनिक सेवामा कार्यरत व्यक्ति)<br>• दर्शनाचार्य वृत्ति |
| ख | अनुसन्धान प्रवर्द्धन<br>• लघु अनुसन्धान विकास र नवप्रवर्तन अनुदान<br>• फ्याकल्टी अनुसन्धान अनुदान<br>• सहकार्यात्मक अनुसन्धान अनुदान |
| **गुणस्तर सुधार कार्यक्रम** | |
| **छोटो अवधिका तालिम तथा क्षमता अभिवृद्धिका कार्यक्रमहरू** | |
| क | • पुनर्ताजगी तालिम<br>• क्षमता विकासका तालिम<br>• अनुसन्धान विधि तालिम |
| ख | • शैक्षिक संस्था उद्योगी - व्यवसायी सम्वाद<br>• स्थानीय तथा राष्ट्रिय स्तरको गोष्ठी/कार्यशाला/सम्मेलन |
| ग | उच्च शैक्षिक संस्थामा प्राध्यापकको भ्रमण |
| घ | क्याम्पस प्रमुखका लागि शैक्षिक योजना तथा प्रशासनसम्बन्धी तालिम |
| ङ | विश्वविद्यालय - समुदाय सम्पर्क कार्यक्रम |

| अन्य कार्यक्रमहरू (वर्षभरी नै आवेदन दिन सकिने कार्यक्रमहरू) | |
|---|---|
| क | पोस्टडक्टरल वृत्ति |
| ख | विद्यावारिधिका लागि आंशिक सहयोग |
| ग | अपाङ्गता भएका विद्यार्थीलाई शोधग्रन्थ तयारीका लागि सहयोग |
| घ | जर्नलमा लेख प्रकाशन सहयोग |
| ङ | प्याटेन्ट (एकस्व अधिकार) सहयोग |
| च | रेफरीड जर्नल प्रकाशन गर्न सहयोग |
| छ | सभा/गोष्ठीमा सहभागिताका लागि भ्रमण अनुदान |
| ज | गोष्ठी/कार्यशाला/सम्मेलन - अन्तर्राष्ट्रिय स्तरको |
| झ | विशेष अध्ययन/अनुसन्धानका निमित्त वैदेशिक भ्रमण |
| ञ | गुणस्तर सुनिश्चितता तथा प्रत्यायनको आशय-पत्र |

**आवेदन/प्रस्ताव दर्ता गर्ने समयसीमा तथा थप जानकारीका लागि**

- आवेदन/प्रस्ताव पेश गर्ने अन्तिम मितिः २०८२/०८/१४ गते कार्यालय समयभित्र।
- आवेदनका साथ पेश गर्नुपर्ने कागजात आयोगको कार्यक्रम कार्यविधि, २०८२ को अनुसूचीमा दिइएको छ।
- अनुसन्धानसम्बन्धी आवेदनका हकमा Research Development and Innovation Programs Implementation Guidelines–2025 बाट थप जानकारी लिन सकिनेछ।

**थप जानकारीका लागि निम्न ठेगानामा सम्पर्क गर्न सकिनेछ :**


## विश्वविद्यालय अनुदान आयोग

सानोठिमी, भक्तपुर, फोन नं. ०१-६६३८५४८/४९/५०, फ्याक्स नं. : ६६३८५५२

**वेबसाइट** : www.ugcnepal.edu.np, **इमेल** : ugc@ugcnepal.edu.np